# ‘वीरेकी आमा’ कथामा प्रगतिवाद

**राजेन्द्र सर्वहारा निरौला**
*विभागीय प्रमुख, शिक्षाशास्त्र सङ्काय, उपप्राध्यापक (नेपाली)*
*वरुण बहुमुखी क्याम्पस, खाँदबारी, सङ्खुवासभा*
*Email: rsarbaharan@gmail.com*
*DOI: https://doi.org/10.3126/barunj.v2i01.78350*
*ORCID: 0009-00066747-2450*

**लेखसार**

प्रस्तुत अध्ययन प्रसिद्ध कथाकार रमेश विकलद्वारा लिखित ‘वीरेकी आमा’कथामा प्रगतिवादी चिन्तनको खोजी गर्नमा केन्द्रित रहेको छ । प्रगतिवादका आधारमा यस अध्ययनमा रमेश विकलको नयाँ सडकको गीत कथा सङ्ग्रहमा सङ्गृहीत ‘वीरेकी आमा’ कथाको विश्लेषण गरिएको छ । यस अध्ययनमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनकार्यको मुख्य समस्यासँग सम्बन्धित सामग्रीको सङ्कलन पुस्तकालयीय विधिबाट गरिएको छ र विश्लेश्य कथालाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । सैद्धान्तिक आधार निर्माण तथा कथाको व्याख्या, विश्लेशणका लागि प्रयोग गरिएका सन्दर्भ पुस्तकहरूलाई द्वितीयक सामग्रीका रूपमा लिई गुणात्मक विधिलाई साथ लिएर कथाको चर्चा गरिएको छ । विकलको ‘वीरेकी आमा’ नेपाली समाजमा विद्यमान जातिगत र त्यसकै आधारमा विभेदका माध्यमबाट हुने समस्यालाई मूल स्वर बनाइएकाले प्रगतिवादी कथा हो । कथामा प्रयुक्त प्रमुख पात्रलाई कथाकारले मुक्तिका लागि प्रभुत्वशाली वर्गसँग प्रतिकार गर्ने चेतना सिर्जना गर्न नसके तापनि कथामा प्रगतिवादका लक्षणहरू भने प्रशस्तै रहेका छन् ।

**शब्दकुन्जी :** *प्रगतिवाद, सर्वहारा, भौतिकवाद, पर्यवेक्षण, पक्षपोषण*

**परिचय**

प्रसिद्ध कथाकार रमेश विकलद्वारा लिखित ‘वीरेकी आमा’ कथामा प्रगतिवादी चिन्तनको खोजी गर्नमा प्रस्तुत लेख केन्द्रित रहेको छ। साहित्यलाई समाजको उपज मान्दै सामाजिक यथार्थको अभिव्यक्तिमा जोड दिने, वैयक्तिक आनन्दलाईभन्दा समाजको भौतिक विकासलाई बढी महत्त्व दिने मान्यतालाई प्रगतिवाद भनिन्छ (उप्रेती र अन्य, २०७९) । प्रगतिवादी कथाकार विकल वि.सं. १९८५ को भाइटीकाका दिन पिता चन्द्र शेखर चालिसे र माता छायादेवीका जेठा सन्तानका रूपमा गोकर्ण आरुबारीमा जन्मिएका थिए । उनको न्वारनको नाम रामेश्वर शर्मा चालिसे भए पनि साहित्यका क्षेत्रमा उनी रमेश विकलका नामबाट परिचित छन् । साहित्यका विभिन्न विधामा कलम चलाएका विकलको कथा विधामा विशेष योगदान रहेको छ । उनका बिरानो देशमा (२०१६), नयाँ सडकको गीत (२०१९), आज फेरि अर्को तन्ना फेरिन्छ (२०२४), एउटा बूढो भ्वाइलेन आशावरीको धुनमा (२०२५), उर्मिला भाउजु (२०३५),

शव, सालिक र सहस्र बुद्ध (२०४३) र हराएका कथाहरू (२०५५) जस्ता कथासङ्ग्रहहरू छापिएका छन् भने अन्य फुटकर कथाहरू पनि प्रकाशित छन् ।चर्चित कथाकार रमेश विकलका कथाहरूमा नेपाली समाजमा विद्यमान वर्गीय, लैङ्गिक, जातीय, क्षेत्रीय विभेदका साथै पात्रका मनोवैज्ञानिक समस्याहरूको प्रस्तुति पाइन्छ (वाग्ले,२०६०) । उनले आफ्ना कथाहरूमा आफू बाँचेको युगका यथार्थलाई कलात्मक रूपमा अभिव्यक्त गरेका छन् । यस क्रममा विकलले आफ्ना कथाहरूमा कतै सामाजिक यथार्थवादी, कतै आलोचनात्मक यथार्थवादी, कतै मनोवैज्ञानिक यथार्थवादी दृष्टिकोण प्रस्तुत गरेका छन् (शर्मा, ई. १९६४) । प्रगतिवादका आधारमा यस अध्ययनमा रमेश विकलको नयाँ सडकको गीत कथा सङ्ग्रहमा सङ्गृहीत 'वीरेकी आमा' कथाको विश्लेषण गरिएको छ ।

सामाजिक जीवनको यथार्थलाई क्रान्तिकारी विकासका सन्दर्भमा चित्रण गर्नु नै समाजवादी यथार्थ हो । समाजवादी यथार्थवादकै धरातलमा मार्क्सवादी दर्शनको बीजारोपण भएर प्रगतिवादको स्थापना भएको हो (गौतम,२०५४)। सामाजिक व्यवस्थाको हालसम्मको इतिहासलाई मार्क्सवादले आदिम साम्यवादी व्यवस्था, दासप्रथायुक्त व्यवस्था, सामन्तवादी व्यवस्था, पुँजीवादी व्यवस्थाएवम् साम्यवादी व्यवस्थागरी पाँच चरणमा विभाजन गरेको छ । प्रगतिवाद मार्क्सवादकै एउटा साहित्यिक संस्करण हो । प्रगतिवादले आफ्नो विश्वदृष्टिकोणका रूपमा समस्त सृष्टिजगत् मानव समाजका विकास प्रक्रिया र घटनाहरूको तथा चेतन, अचेतन वस्तुको व्याख्या गर्ने मार्क्सवादलाई स्विकारेको छ । मार्क्सवादको दर्शन नै भौतिकवाद हो । प्रगतिवादको दार्शनिक धरातल द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद गरी दुई भागमा विभक्त रहेको छ (गिरी,२०७०)। द्वन्द्वात्मक भौतिकवाद मानव जीवनका अनुभव र निरीक्षणमा आधारित दर्शन हो । यस दर्शनअनुसार संसारका प्रत्येक वस्तु परिवर्तनशील हुन्छन् र कुनै पनि चिजको स्थायित्व छ भने त्यो सृष्टिको गतिशीलता अथवा परिवर्तनकारी दीर्घकालीन यात्रामा छ भन्ने मान्यता राख्दछ (जोशी, २०६६) । ऐतिहासिक भौतिकवादले खास गरेर जीवनका भौतिक अर्थात् आर्थिक, सांस्कृतिक परिस्थितिहरूउपर जोड दिन्छ । भौतिक जीवन तथा यसका मूल्यहरूमा जीविकोपार्जनका प्रकार र उत्पादनका पद्धति नै सर्वप्रधान हुने हुनाले अर्थ नै वास्तविक मापदण्ड ठहर्दछ । प्रगतिवादको आरम्भ मार्क्सवादका संस्थापक विचारक मार्क्स एङ्गेल्स हुन् । मार्क्सकै साहित्यसम्बन्धी अवधारणाले नै प्रगतिवादी साहित्यको सैद्धान्तिक धरातल निर्माण गरेका छन् (गौतम, २०५४) । वर्ग सङ्घर्षको मैदानमा युद्धरत रहँदा हासिल गरेका प्रत्यक्ष शिक्षाका लेलिन र माओले प्रगतिवादी साहित्यसम्बन्धी महत्वपूर्ण सिद्धान्त स्थापना गरेको पाइन्छ । प्रगतिवादी साहित्यले परिवर्तनसम्बन्धी चेतनाको पक्षपोषण गर्दछ । प्रगतिवादी साहित्यको मूल उद्देश्य वर्गसङ्घर्षको स्थिति, यथार्थपरक शैली क्रान्तिकारी भविष्यदृष्टिको अभिव्यञ्जना, व्यापक समाज पर्यवेक्षण, लैङ्गिक विभेदको विरोध, सामाजिक रुढि, अन्धविश्वास, धार्मिक आडम्बरको विरोध, सर्वहारा वर्गको पक्षपोषण र शोषक सामन्ती व्यवस्थाको विरोध गर्नु रहेको देखिन्छ (गिरी,२०७०)। प्रस्तुत अध्ययनमारमेश विकलको 'वीरेकी आमा' कथामा प्रगतिवाद अध्ययन गर्ने क्रममा प्रगतिवादी कथा विश्लेषणका यिनै ढाँचा तथा सिद्दान्तलाई मुख्य आधार मानी विश्लेषण गरिएको छ ।

नेपालको भौगोलिक, सामाजिक, आर्थिक पक्षको गहनतम अध्ययन गरी समाजमा रहेका विभिन्न विकृति, विसङ्गतिको ठाडो आलोचना गर्दै यथार्थ पक्षलाई जोड दिई कथा रचना गर्ने कथाकारका रूपमा परिचित विकलका कथाहरूका बारेमा विश्लेषण विभिन्न पत्रपत्रिका एवम् पुस्तकहरूमा गरिएकाटीका टिप्पणीहरू प्राप्त भएतापनि माथि प्रस्तुत ढाँचा एवम् सिद्धान्तका आधारमा उनको 'वीरेकी आमा' कथाकोप्रगतिवादी दृष्टिकोणबाट भने अध्ययन भएको देखिएन ।

यसै सन्दर्भमा, रामहरि पौड्यालले 'समालोचना भानुभक्त आचार्यदेखि मोदनाथ प्रश्रितसम्म' नामक पुस्तकको 'विकल र नयाँ सडकको गीतमा सामाजिक चेतना' शीर्षकको लेखमा 'वीरेकी आमा'लगायतका कथाको चर्चा गर्दै कथाकार गुरुप्रसाद मैनालीपछि विकल नै सही अर्थमा नेपाली मुटुको धड्कन समेट्न सक्ने कथाकार हुन् भन्ने विचार प्रस्तुत गरेका छन् । उनले विकलका कथामा सामाजिक विकृति र असमानतालाई सफलतासाथ चित्रण गर्दै स्त्री पुरुषको सम्बन्ध प्रेम वासना, जातिवाद, शोषण, धर्मको नाममा आडम्बर, रुढि, अन्धविश्वास, अनैतिकता आदि सबैलाई प्रगतिवादी दृष्टिले नौलो र मौलिक मापदण्डले नापेर प्रस्तुत गर्ने प्रयास गरेका छन् (पौडेल, २०४९) भनी उल्लेख गरेका छन् । त्यस्तै 'रमेश विकलका केही कथा' शीर्षकमा रमेश विकललाई सामन्ती विचारबाट असन्तुष्ट भएका एक सचेत सामाजिक यथार्थवादी कथाकार मान्दै उनले कथामा नेपाली समाजका विद्यमान विभिन्न शोषण र दमनको यथार्थ चित्रण गरेको विचार व्यक्त गरेका छन् (शर्मा, ई. १९६४) । त्यसै गरी 'प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू' शीर्षकको विद्यावारिधि शोध प्रबन्धमा रमेश विकलका कथामा ग्रामीण तथा नगर समाजका उत्पीडित पात्रहरू (मगन्ते, कुल्ली, ज्यामी, दाउरे, नोकर) का साथै साहुमहाजन, मुखिया, पण्डित आदि उत्पीडक पात्रहरू विकलका कथामा चलखेल गर्छन (पौडेल,२०६७) भनी उल्लेख गरेको भेटिन्छ ।

यसरी उपर्युक्त अध्ययनहरूमा प्रगतिवादसँग सम्बन्धित केहीसैद्धान्तिक सामग्री भेटिए पनि रमेश विकलको'वीरेकी आमा'कथामा प्रगतिवादलाई आधार बनाएर अध्ययन गरेको पाइएन । जे जति अध्ययन गरिएका छन् ती पनि त्यति सबल र पर्याप्त देखिँदैनन् । अत: रमेश विकलको 'वीरेकी आमा' कथामा प्रगतिवादी चिन्तन कसरी प्रकट भएको छ? भनी प्रस्तुत कथामा प्रगतिवादको खोजी गरेर यहाँ त्यसै आधारमा उक्तकथाको विश्लेषण गरी अध्ययनमा रहेको यही अभावको पूर्ति गर्ने लक्ष्य रहेको छ ।

प्रस्तुत अध्ययनका खास गरी निम्न दुईवटा उद्देश्यहरू रहेका छन् :

(क) 'वीरेकी आमा' कथामा प्रगतिवादी चिन्तनको खोजी गर्नु,

(ख) प्रगतिवादका आधारमा 'वीरेकी आमा' कथाको विश्लेशण गर्नु ।

प्रस्तुत अध्ययन रमेश विकलको 'वीरेकी आमा' कथामा प्रगतिवाद रहेको हुँदा यो विषय अध्ययनका दृष्टिले महत्वपूर्ण, उपयोगी एवम् औचित्यपूर्ण रहेको छ । यस विषयको अध्ययनबाट कथाकार विकलको कथामा प्रयोग भएको प्रगतिवादसम्बन्धी नूतन ज्ञानको प्रतिष्ठापन हुने भएकाले पनि यो अध्ययन खोज अनुसन्धानको क्षेत्रमा औचित्यपूर्ण रहेको छ ।

## अध्ययन विधि

यस अनुसन्धानमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनकार्यको मुख्य समस्यासँग सम्बन्धित सामग्रीको सङ्कलन पुस्तकालयीय विधिबाट गरिएको छ । अध्ययनका सामग्रीको स्रोत दुई किसिमका छन् : प्राथमिक र द्वितीयक । यसका लागि प्राथमिक स्रोत सामग्रीका रूपमा रमेश विकलद्वारा सिर्जित 'वीरेकी आमा' कथा रहेको छ भने द्वितीयक स्रोत सामग्रीका रूपमा वीरेकी आमा कथाका सम्बन्धमा यस अघि गरिएका अध्ययन, व्याख्या, विश्लेषण तथा सैद्धान्तिक क्षेत्रका सामग्रीहरू रहेका छन् । त्यस्तै गरी सामग्री विश्लेषण विधिका रूपमा प्रस्तुत अध्ययनपत्रमा उठाइएका समस्याको प्राज्ञिक समाधानका लागि प्रगतिवादी सिद्धान्तलाई प्रमुख आधार

बनाइएको छ । सङ्कलित सामग्रीहरूलाई प्रगतिवादी सिद्धान्तकै आधारमा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । यही प्रगतिवादी सिद्धान्तकै आधारमा प्रस्तुत अध्ययनमा सामग्री विश्लेषणको आधारलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) वर्गसङ्घर्ष र जातीय समस्या,

(ख) यथार्थपरक शैली,

(ग) व्यापक समाज पर्यवेक्षण

(घ) सामाजिक रुढि, अन्धविश्वास, धार्मिक आडम्बरको विरोध एवम्

(ङ) सर्वहारावर्गको पक्षपोषण र शोषक सामन्ती व्यवस्थाको विरोध ।

## कथाको व्याख्या र विश्लेषण

नयाँ सडकको गीत कथा सङ्ग्रहमा सङ्कलितकथाकार रमेश विकलको‘वीरेकी आमा’ कथा तत्कालीन समाजमा विद्यमान अन्तरजातीय सम्बन्ध र त्यसले समाजमा पारेको नकारात्मक प्रभावलाई प्रस्तुत गरिएको कथा हो । कथामा समाजमा सामाजिक रीतिरिवाज, धर्म, संस्कृतिका नाममा मानिसले मानिसलाई गरेको अमानवीय व्यवहारको विरोध गरिएको छ । हाम्रो नेपाली समाज बहुभाषिक, बहुजातीय तथा बहुसाँस्कृतिक गुणले भरिएको छ । यस परिस्थितिमा पनि नेपाली समाज आज जातीय विभेदबाट मुक्त हुन सकेको छैन भन्ने कुरालाई कथाकारले यस कथामार्फत् प्रस्तुत गरेका छन् । यहाँ निम्न आधारहरुमा कथाको विश्लेषण गरिएको छ :

## १. वर्गसङ्घर्ष र जातीय समस्या

‘वीरेकी आमा’ कथा वर्गसङ्घर्ष र जातीय समस्यासँग सम्बन्धित एक उत्कृष्ट कथा हो । नेपाली समाज बहुभाषिक, बहुजातीय तथा बहुसांस्कृतिक गुणले युक्त भएकाले आजको यस परिप्रेक्ष्यमा पनि नेपाली समाज जातीय विभेदबाट मुक्त हुन नसकेको कुरालाई कथाकार विकलले ‘वीरेकी आमा’ कथामार्फत् प्रस्तुत गरेका छन् । वीरेकी आमा निम्न वर्गकी पात्र हो, जसले समाख्याताकी काल्पनिक पात्रले जति पनि महत्त्व पाएकी छैन । वीरेकी आमा निम्न जातकी भएकाले मानिसले पाउनुपर्ने इज्जत पनि पाएकी छैन । आफ्नै छिमेकीको मृत्युमा पनि शोक व्यक्त गर्न नसक्ने उच्च वर्गको विरोध गरेका छन् कथाकार विकलले । यहाँ जातीय विभेदका आधारमा सञ्चालित समाजमा निम्न जातको प्रतिरोधी व्यवहार पनि उच्च जातका लागि हाँसोको विषय बनेको छ । वीरेकी आमा आफू अशिक्षित भए पनि आफूमाथि भएको अन्याय बुझ्थी र त्यसको विरोध पनि गर्थी – “त्यै माइलो गरिबमारा ... सक्तिन भन्दा पनि कर लाएर बिहान धान कुट्न गएँ, आधामाना चामल दिएको पनि मियैमिया” (विकल, २०६७ : ५६) । उसले काम गर्न सक्दिन भन्दा पनि कर गरीगरीवीरेकी आमाले काम लगाउने र कामको उचित पारिश्रमिक नदिने शोषकसामन्तीहरूको विरोध पनि गरेकी छे । निम्न जात र स्तरकी वीरेकी आमाको समाज प्रदत्त जीवन यति कठोर छ कि बाटोमा हिँड्दा पनि निर्धक्क हिँड्न पाउँदिन, तरकारी हाल्ने बेसार हुँदैन । उससँग मिठो मसिनो खानलाई पनि अरूले छोडेको जुठो खानुपर्ने दर्दनाक अवस्थालाई कथाकार विकलले यसरी व्यक्त गरेका छन्: “अस्ति न्वाउन पनि पानी तताइदियो... बेसार छैन बज्यै भनेको त कतिका न बेसार दिया ... पहेंलै पारेर तिहुन खाइयो । ... आफ्नो हातले छोपेको टपरी उघारेर

साहिँली बज्यैलाई देखाउँदै आफ्ना बत्तीस दन्त झिलमिल्याएर दङ्ग पर्दथी। त्यो टपरीमा केटाकेटीहरूले लुछदालुछदा थाकेर मिल्काएका हाडखोर र गिजलेर फ्याँकेको भात सिवाय  अरू केही हुँदैनथ्यो” (विकल, २०६७ : ५७–५८)। अरूको श्रमलाई सहजै पचाउने र श्रम गरिदिनेलाई पशुतुल्य बनाउने उच्चवर्गप्रति तिखो व्यङ्ग्य गरेका छन् कथाकार विकल। निम्न जातकै भएका कारण वीरेकी आमाको बिरामी  भएपछि मृत्यु हुन्छ। मृत्युपछि पनि उसलाई छुन कोही गएका छैनन्। वीरेकी आमाको श्रमलाई छुन हुने र उसलाई छुन नहुने सामन्ती सोचको विरोध गरिएको छ। उसको हातखुट्टा चलुन्जेल उससँग भएका आवश्यक वस्तुहरूबाट सबैले आफ्नो खाँचो टार्दा छुन केही भएन तर उसलाई पर्दा र उसको मृत्युपछि ऊ निम्न जातकी भएकीले उसलाई सहयोग नगर्ने कथित उच्चजातको निम्न सोचको विरोध गरिएको छ – “हेर अब त्यो बिचरीको दुर्गति; एकातिर छोरो मोराको अत्तोपत्तो छैन नभोट छ न मधेस छ, अर्कोतिर आफ्नो भन्ने इष्ट कोही छैन। अब त्यो सिनो कतिन्जेल मझेरीमा सड्ने हो। गाउँका ठूला जातले छुन भएन के गर्ने” (विकल, २०६७ : ६०)।

मानिस मानिसका विभेदका कारण निम्न जातलाई आफ्नो आवश्यकतामा बाँचुन्जेल चरम उपयोग गर्छ भने मरेपछि छुन पनि घृणा गर्छ। वीरेकी आमाले गरेको कामको प्रतिफल उपभोग गर्न कसैले सोच्नु परेन। उसले कुटेको धान, धोएको लुगा, माझेका भाँडा सबै चलन हुने तर उसको लास छुन नहुने। गाउँका बच्चाहरूलाई स्याहार सुसार गरेर हुर्काउँदा, सेकताप गर्दा, उसको दूध खुवाउँदा त्यो उच्च जातलाई मृत सञ्जीवनी बन्यो तर तिनै उच्च जातलाई उसको मृत लास विष बनेको छ। यसरी आफ्नो आवश्यकता पूर्तिका लागि सबैलाई वीरेकी आमा सुनमा सुगन्ध बनेकी छे भने उसको मृत शरीर सबै गाउँलेका लागि अर्थात् तथाकथित उच्च वर्गका लागि घृणाको वस्तु बनेको यथार्थलाई यस कथाले व्यङ्ग्य गरेको छ।

**२. यथार्थपरक शैली**

निम्नवर्गीय नेपाली ग्रामीण समाजको यथार्थ चित्रण हो ‘वीरेकी आमा’ कथा। समाजमा बनिबुतो गरी आफ्नो दैनिक छाक जेनतेन टार्ने निम्नवर्गीय समस्यालाई यसले समेटेको पाइन्छ। कथामा तत्कालीन समाजमा उच्च जाति र वर्गले निम्न जाति र वर्गमाथि गरेको अमानवीय व्यवहारको यथार्थ चित्रण गरिएको छ। समाजकी गरिब अनि श्रमजीवी वीरेकी आमा आफू स्वस्थ रहँदासम्म त्यस समाजका उच्चवर्गको सेवा गरेकी र आफू अस्वस्थ हुँदा औषधि उपचार पनि नपाई मरेकी वीरेकी आमाप्रति सहानुभूति प्रकट गर्दै त्यसको आलोचना गरेका छन्। निम्न र उच्च जातका आधारमा मानिसको स्थान निर्धारण हुने समाजमा निम्न जातलाई सधैँ असक्षम बनाइएको हुन्छ भन्ने यथार्थलाई ‘म’ पात्र भन्छ: “हैरान भएर एक मन त खाँचैसित यसलाई हिरोइन बनाइदिऊँ कि भन्ने झोंक पनि चल्यो। नराम्री भई त के भयो, आखिर यो पनि त एउटी  नेपाली नै त हो। तर तत्कालै म आफैंलाई मुटुभित्रैदेखि हाँसो उठेर आयो। के सोचेको हुँला, चाना पखाल्या पानीजस्तो। त्यो जैरीको त्यो जिन्दगीको कुनचाहिँ विशेषताको जगमा कहानीको भित्तो ठड्याउने ?” (विकल, २०६७: ५५)।

वीरेकी आमा नेपाली नारी भएकाले कथाकी नायिका बन्न योग्य छे तर वर्गीय सोचाइ भएको समाजमा हुर्किएको मानसिकतालाई निम्न वर्गीय र जातकी उसलाई नायिका बनाउनेभन्दा म पात्रलाई हाँसो र चाना पखालेको पानी जस्तो अर्थहीन लाग्ने सोचाइलाई यथार्थपरक शैलीमा प्रस्तुत गरिएको छ।

### ३. व्यापक समाज पर्यवेक्षण

यस कथामा तल्लो जातका मानिसलाई उच्च जातका मानिसले कष्टकर जीवन भोग्न बाध्य बनाएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । तत्कालीन समाजमा सबै नीति नियमको निर्माता र त्यसलाई वैधता प्रदान गर्ने कार्य दुवै उच्च जातबाटै गरिएकाले निम्न जातलाई उच्च जातले सीमान्तीकृत अवस्थामा पुर्याएको कुरालाई यस कथामा कलात्मक रूपमा प्रस्तुत गरिएको छ । त्यसैले गाउँमा उसको परिश्रम चल्ने उच्च जातलाई आवश्यक परेको सेवा लिन हुने तर उसको आवश्कतालाई पूरा गरिदिन नहुने उच्चवर्गको न्यून सोचाइलाई प्रस्तुत गरिएको छ : "मलाई यहाँसम्म थाहा छ, आजका लायक र जमामर्द छाती फुलाएर हिँड्ने गाउँका जुँगामुठे ठिटाहरूलाई आज जमामर्द भएर छाती अकड्याएर हिँड्ने बनाएकी वीरेकी आमाले नै हो । उसैले यिनीहरूलाई रगतको कुण्डबाट उतारेर अँध्यारो कुनाबाट उज्यालो संसार देखाएकी थिई, उसैले यी सबलाई तेल चुपर, सेकताप गरेर यिनका हड्डीमा ताकत भरेकी थिई । कतिले त उसको दूध पनि घुट्क्याएका थिए (जसमध्ये एक जना म स्वयम् हुँ" (विकल, २०६७ : ६०) ।

गाउँका मानिसलाई शारीरिक परिश्रम गरेर मात्रै सहयोग गरेकी होइन; गाउँका बच्चाहरूलाई स्याहारसुसार गरेर, सेकताप गरेर आफ्नो अमृत समान दूध खुवाएर गाउँको सेवा गरी तर हाम्रो वर्गीय, जातीय अनि रुढिग्रस्त समाजका मानिसले उसको दूध मृतसञ्जीवनी बनाए भने ऊ मर्दा उसको शरीर उनीहरूले छुन नहुने विष बनाउने प्रवृत्तिलाई यस कथाले प्रस्तुत गरेको छ । वर्ग, जातीय अनि सामाजिक रुढि, अन्धविश्वास र धार्मिक आडम्बर अनि शोषणको विरोध गर्दै लेखिएको कथा हो 'वीरेकी आमा' । यहाँ गरिबलाई गरिब बनाउन खोज्ने अनि आफू सँधै उच्च स्थानमा बस्न खोज्ने उच्च वर्गीय मानसिकताको विद्रोह गरिएको छ ।

### ४. सामाजिक रुढि, अन्धविश्वास, धार्मिक आडम्बरको विरोध

शोषणको वैज्ञानिक हतियार हो धर्म । शोषक सामन्तहरूले धर्म र संस्कृतिको नाममा निम्न वर्गका मानिसहरूको शोषण गरेको पाइन्छ । सानो र अछुत जातकी वीरेकी आमाले मानवीय अस्तित्व पाउन सकेकी छैन । गाउँघरमा ढिकी जाँतो गरेर आफ्नो पेट पालेकी वीरेकी आमा अछुत भएकाले नै ऊ घृणित बनेकी छे । वीरेकी आमाबाट आर्जित उत्पादनलाई सबैले प्रयोग गर्दा त्यहाँ कुनै किसिमको जातीय, धार्मिक र सांस्कृतिक परम्पराले रोकेको छैन भने ऊ अरूका लागि परिश्रम गर्दा गर्दै विरामी हुँदा पनि उसलाई औषधि उपचार र सहयोग गर्न धर्म र संस्कृतिको तगारो लगाएर पन्छिन खोज्ने सामन्ती संस्कारको विरोध कथाकारले कथामा गरेका छन् : "बिचरी घलेको मेला गएकी रे, खाजा खाने बेलादेखि नै पखाला चल्न थालिहालेछ । बिचरी हिजो रातभर, आज दिनभर, अघि साँझ त मरिहाली । न एक पैसाको ओखती देख्न पाई न कुनै गाउँले झारपात नै सुँध्न पाई" (विकल, २०६७ : ५३) ।

वैज्ञानिक आधारले स्थान नपाएको समाजमा रुढि नै विचार तथा ज्ञानको स्रोत बनेको हुन्छ । राम्रो लाउने मिठो खाने र सफासुग्घर हुने सबै सकारात्मक पक्षको हिस्सेदारका रूपमा उच्च जातले आफूलाई अगाडि राखेको र यी सबैबाट बिमुख चाहिँ निम्न जातलाई बनाएको पाइन्छ । निम्न जातका मानिसलाई काम गर्ने मेसिनका रूपमा प्रयोग गर्ने उच्च जातीय सामाजिक मानसिकताको विरोध पनि कथाकारले गरेका छन् । वीरेकी आमा उदार मन भएकी सेविका हो । उसले सबैलाई ऋण लगाएकी थिई । उसले गरेको कामको प्रतिफल उपभोग गर्न कसैले सोच्नुसम्म पनि परेन तर उसको मृत्युपछि उसको लास कसैले पनि छुन नहुने अन्धविश्वासको विरोध गरिएको छ । धान कुट्ने, लुगा धुने, भाँडा

माइने, बच्चालाई सेकताप गर्ने, दूध खुवाउने जस्ता काम उच्च जातका मानिसलाई चले तर सामाजिक चेतनामा मानवताभन्दा सामाजिक रुढि, अन्धविश्वास अनि धार्मिक आडम्बरलाई शक्तिशाली बनाइएकाले उसको लासलाई कसैले छोएको छैन ।

**५. सर्वहारावर्गको पक्षपोषण र शोषक सामन्ती व्यवस्थाको विरोध**

'वीरेकी आमा' कथामा निम्न वर्गकी वीरेकी आमाको कारुणीक पक्षलाई समर्थन गरिएको र श्रम शोषण गरी आफ्नो दुनो सोझ्याउने सामन्तीको आलोचना गरिएको छ । निम्न वर्गका मानिसलाई श्रम गराउने र त्यसको पारिश्रमिक पनि उच्च वर्गकाले नै खाने प्रवृत्तिलाई यस कथामा यसरी प्रस्तुत गरिएको छ : "विचरी घलेको मेला गएकी रे, खाजा खानेबेलादेखि नै पखाला चल्न थालिहालेछ बिचरी हिजो रातभर, आजदिनभर अघि साँझ त मरिहाली । न एक पैसाको ओखती पाई, न कुनै गाउँले झारफुक सुध्न नै पाई" (विकल, २०६७ : ५३) । निम्नवर्गका मानिसलाई काम गर्ने मेसिनका रूपमा सम्झने र उनीहरू विरामी परेपछि एकवचन पनि नसोध्ने सामन्तीको विरोध कथाकारले कथामार्फत् गरेका छन् । वीरेकी आमा निम्न वर्गकी भए तापनि दिल भएकी पात्र हो । गाउँमा जसलाई जस्तो परेपनि काम गर्न अगाडि सरेर सबैका सबै समस्या समाधान गरेकी हुन्छे । उसले गाउँमा सबैलाई ऋण लगाएकी हुन्छे । जुन कुरा समाख्याताकी श्रीमतीले बुझेकी हुन्छे : "बिचरी हजारै गरिब भए पनि कसैको कनिकाको गेडासम्म पनि खाइन है; बरु गाउँभरीलाई ऋण बोकाएर गई" (विकल, २०६७ : ५५) । यस कथामा समाजमा बनिबुतो गरी आफ्नो छाक टार्ने निम्न वर्गप्रति सहानुभूति र निम्न वर्गमाथि उच्चवर्गले गरेको अमानवीय व्यवहारको यथार्थ चित्रण गरिएको छ ।

**निष्कर्ष तथा उपादेयता**

विकलको 'वीरेकी आमा'नेपाली समाजमा विद्यमान जातिगत र त्यसकै आधारमा विभेदका माध्यमबाट हुने समस्यालाई मूल स्वर बनाइएकाले प्रगतिवादी कथा हो । वीरेकी आमा यस कथाकी प्रमुख पात्र र समाजमा निम्न जातिको पहिचान बोकेकी नारी हो । यस कथाको समाजमा रहेका बहुसङ्ख्यक उच्च जातका मानिसहरूले निम्न जात भएकै आधारमा अपमान गरेका छन् । त्यस क्रममा वीरेकी आमाको पहिचानलाई हास्यास्पद ठान्ने, उचित पारिश्रमिक नदिने, बाटो हिँड्न नदिने, जुठो र खराब खानेकुरा दिने जस्ता व्यवहार गरेर घृणा गरेका छन् । उच्च वर्गले निम्न वर्गमाथि गरेको अन्याय र अत्याचारलाई वीरेकी आमा कथामा देखाएर कथाकारले समाजमा समानता चाहेको प्रस्ट हुन्छ । यसरी प्रस्तुत कथाको सर्वेक्षण गर्दा प्रगतिवादलाई मूल स्वर बनाइएको देखिन्छ । मूलतः कथामा मुख्य भूमिकामा देखिएको पात्र शक्ति प्रयोगका दृष्टिले ज्यादै निरीह अवस्थामा रहेकोपाइयो । पात्रमाथि अभिजात वर्गले शक्तिको निरन्तर र चौतर्फी प्रहार गरेको छ । त्यस क्रममा धनीले गरिबलाई, पुरुषले नारीलाई र उच्च तथा शक्ति सम्पन्न जातिले निम्न तथा कमजोर जातिलाई सीमान्तकृत अवस्थामा पुर्‍याएका छन् । कथाकार विकलले समाजको यथास्थितिमा विद्यमान एकपक्षीय र विभेदकारी मान्यताको खण्डन गर्दै सीमान्तकृत वर्गप्रतिको आफ्नो झुकावलाई प्रस्तुत गरेका छन् । नेपाली समाजका नारी, बालबालिका, निम्न वर्गीय श्रमिक, किसान, अपाङ्ग, निम्न ठानिएका जाति आदिमाथि हुने गरेका सबै प्रकारका पीडा तथा प्रहारहरूलाई ज्यादै संवेदनायुक्त ढङ्गले प्रस्तुत गरेका छन् । त्यसकारण उनको यस कथामा यथास्थितिप्रतिको चरम असन्तुष्टि र सुधारको चाहना देखिन्छ । यसरी कथामा प्रयुक्त प्रमुख पात्रहरूलाई मुक्तिका लागि प्रभुत्वशाली वर्गसँग प्रतिकार गर्ने चेतना कथाकारले सिर्जना गर्न नसके तापनि प्रगतिवादका लक्षणहरू रहेका छन् भन्ने निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनमा रमेश विकलको बीरेकी आमा

कथाको प्रगतिवादी दृष्टिकोणबाट व्याख्या, विश्लेषण गरिएको छ । यो अध्ययन भावी अध्येताहरूका लागि थोरबहुत खुराक तथा अध्ययन अनुसन्धानको आधार सामग्री बन्न सक्नेछ ।

## सन्दर्भसूची


उप्रेती, गङ्गाप्रसाद र अन्य (सम्पा.), (२०७९) नेपाली बृहत् शब्दकोश, नेपाल प्रज्ञा प्रतिष्ठान ।

गिरी, अमर (२०७०) सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा, *भृकुटी*, १२–४६ ।

गौतम, देवीप्रसाद (२०५४) नेपाली कथा, काठमाडौँ ।

जोशी, कुमारबहादुर (२०६६) पाश्चात्य साहित्यका प्रमुख वाद (पाचौँ संस्करण), काठमाडौँ ।

पौडेल, गोपीन्द्र, (२०६७) रमेश विकलको आख्यानकारिता, *रश्मि*,२६ (१), ११–२३ ।

पौड्याल, रामहरि (२०४९) समालोचना: भानुभक्त आचार्यदेखि मोदनाथ प्रश्रितसम्म, काठमाडौँ ।

वाग्ले, ईश्वरचन्द्र, (२०६०), रमेश विकलका कथामा यथार्थवाद, *अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध,* त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ ।

विकल, रमेश (२०६७) नयाँ सडकको गीत, ललितपुर ।

शर्मा, तारानाथ (ई.१९६४) घोत्ल्याइँहरू, काठमाडौँ ।